# महान् विवाद

# (The Great Controversy)

## (भित्री कथा सहित)

**लेखक:**

मार्क फिन्ले

**( Mark Finley)**

**भावानुवादक:**

**भजुराम तखाछैँ श्रेष्ठ**

**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**

**सन् २०२४ (बि.सं. २०८०-८१)**

<u>ईन्टरनेट वेबसाईटहरु</u> :

- *https://www.nepalworks.com/bhajupurna*
- *https://www.sabbathschoolpersonalministries.org/international*
- *https://shekinahonme.weebly.com/sabbath-school-lessons.html*
- *https://www.fustero.es/index_ne.php*

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**
प्रथम संस्करण : २०८० (ई.सं. २०२४)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
☎ ९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ☎ ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## परिचय

सारा बाइबल कुन मुख्य विषयवस्तुमा केन्द्रित छ?" भनेर तपाईंहरूलाई प्रश्न गरेंभने त्यसको जवाफ के दिनुहुन्छ? येशूमा? मुक्तिको योजना? क्रूस? हो, यी तीनै त हुन्। यसमा कुनै विवाद छैन। तर ती तीनै महत्त्वपूर्ण विषयवस्तुहरूलाई उजागर गर्ने र तिनीहरूको वरिपरि घेरिएको अझ महत्त्वपूर्ण विषयवस्तु हो, "महान् द्वन्द्व", "महान् वैचारिक संग्राम" वा "महान् विवाद" हो। यो विषय सारा बाइबलभरी फिँजिएको छ। परमेश्वर र सैतानको बीचमा भइरहेको महायुद्धलाई उत्पत्तिदेखि प्रकाशसम्मका पुस्तकहरूले सतहमा ल्याउँदछ।

परमेश्वर र लुशिफरको बीचमा भएको महान् विवाद वा महासंग्राम स्वर्गमा नै उब्जिएको थियो। स्वर्गमै स्वर्गदूतहरूका हाकिम लुशिफर, परमेश्वरको विरुद्धमा गएको थियो। सारा जगतब्रम्हाण्डलाई ओगटेको द्वन्द्वको केन्द्रविन्दु नै परमेश्वरको चरित्र, स्वभाव वा नीतिको बारेमा छ। प्रेम उहाँको मुख्य गुण हो। तर लुशिफरले त्यस गुण वा स्वभावमाथि सिधै प्रश्न गरेको थियो। के उहाँ पूरै प्रेमिलो हुनुहुन्छ? के उहाँको प्रेममा स्वार्थ छ? के उहाँले सृष्टि गर्नुभएका जीव जिवातहरूको उत्तम हित उहाँले चाहनुहुन्छ? के उहाँ निर्दयी र निरङ्कुस शासक हुनुहुन्छ? के उहाँले आफ्नो चाहना मात्र मानिसहरूलाई लाद्नु हुन्छ? के उहाँले मानिसको विवेका, चेतना र आत्मनिर्णयको स्वतन्त्रतालाई दवाउनुहुन्छ? के उहाँ सारा जगतका स्वामी भएकोले हुकुमी शासन चलाउनुहुन्छ?

विश्वको इतिहास परमेश्वरको दृष्टिकोणबाट कसरी हेर्नुहुन्छ भन्ने चर्चा गर्ने यस अध्ययन पुस्तकको लक्ष्य हो। येशूको बारेमा भविष्यवाणीमा शताव्दीयौंदेखि र हाम्रो युग र आउने युगसम्म प्रकट गरिएको आत्मिक विज्ञान यस पुस्तकले नियाल्नेछ। स्वभावैले परमेश्वर प्रेमिलो हुनुहुन्छ। त्यसकारण, उहाँले सम्पन्न गर्नु हुने सबै काम प्रेममा भावित भएर गर्नुहुन्छ। मरणशील मानिसहरू र स्वर्गदूतहरू समेतका सिमित ज्ञानले परमेश्वरको प्रेमको बारेमा सत्यतथ्य सधैं बुझ्न वा प्रमाणित गर्न सक्छ भन्ने छैन। जब परमेश्वर र सैतानको बिचमा भइरहेको महान् भिषणसंग्रामको ज्ञानलाई उघार्दै जान्छ तब परमेश्वरको प्रगतिशील प्रेमको बारेमा पनि हामीलाई प्रकट हुँदै जान्छ। क्रूसले परमेश्वरको प्रेमको उच्चाइ र गहिऱ्याइ स्पष्ट गरेको हामी देख्दछौं। परमेश्वरको प्रेम सारा जगतब्रम्हाण्डको सामु प्रदर्शन गरिएको थियो। त्यसबखत, मानव प्राणीलाई मुक्ति दिन ख्रीष्टले आफ्नो प्राण कलभरीमा पोखाउनु भएको थियो र अन्तमा सैतान परास्त्र हुने निर्णायक बिन्दुमा पुगेको थियो।

यद्यपि, महायुद्ध समाप्त नहुञ्जेल संग्राम जारी नै रहेने छ। सैतानले येशूको अस्तित्वलाई क्रूसमा नै नष्ट गर्न खोजेको थियो। शताब्दीयौँदेखि धर्मकै नाउँमा, चाहे इसाई धर्मकै नाउँमा किन नहोस्, सैतानले परमेश्वरका जनहरूलाई नाश गर्न प्रयास गरिरहेको छ। ख्रीष्टको चर्चलाई सैतानले भिषण राक्षसी पाराले सताएतापनि, खेदो गरेतापनि, दमन गरेतापनि र करौडौंको संख्यामा नरसंहार गरेतापनि परमेश्वर उहाँका जनहरूको बिचमा सधैं रहनुभएको थियो र उहाँले तिनीहरूलाई कहिल्यै त्याग्ने भएको छैन न त त्याग्ने नै छ।

परमेश्वर र सैतानको बिचमा भइरहेको महान् युद्ध र मुख्य घट्नाहरूको बारेमा यस अध्ययन पुस्तकले नियाल्नेछ। परमेश्वरकै राज्य वा सिंहासनको अगाडि सैतानले गरेको विद्रोहको सुरुलाई हामीले चकित भएर हेर्नेछौं। ख्रीष्ट र सैतानको बिचमा भइरहेको द्वन्द्वको केन्द्रिय विषयवस्तुलाई विश्लेषण गर्दै अघि बढ्नेछौं। कतिपय इसाई भनाउँदाहरूले नै युरोपका वाल्डेन येशूभक्तहरूलाई भयानक र भिषण दमन, कठोर र सतावटको चपेटामा पारेतापनि तिनीहरूमा भएका निडर साहसलाई हामीले हेर्नेछौं। बाइबल र बाइबलका सत्यमा मात्रै आस्था राख्न अडिग भएका वा दृढ संकल्प गरेका कतिपय सुधारवादी येशूभक्तहरूलाई यातना दिएका थिए, तिनीहरूलाई सिक्रीले बाँधेर निष्ठुर कालकोठरीमा राखेका थिए र जिउँदै जलाएर हत्या गरेका थिए।

ती आत्मिक धरोहरहरूको बारेमा टिप्पणी गर्दै एलेन जी. ह्वाइट भन्नुहुन्छ, "तिनीहरूको आधिकारिताको वल बाइबल मात्रै थियो। तिनीहरूले ठम्याएका सबै शिक्षादीक्षा वा सिद्धान्तहरू बाइबलबाट नै सिकेका थिए। परमेश्वर र उहाँको पवित्र वचन बाइबलमा भएको आस्थाले नै ती पवित्र जनहरूलाई समाली राखेका थिए। जिउँदै खम्बाहरूमा जलाइएतापनि येशूप्रतिको आस्थालाई तिनीहरूले त्यागेका थिएनन्।"-द ग्रेट कन्त्रोभर्सी, पृ. २४९।

सुधारवादी येशूभक्तहरूले बालेका सत्यको चिराख अहिले पनि चहकिलो भएर दन दन बलिरहेको छ। ती सुधारवादी येशूभक्तहरूको आस्थाको आधारशीला नै बाइबल थियो। मुक्ति भनेको मानवीय, परम्परा, संस्कार वा धर्मकर्मले आर्जन गर्ने होइन तर विश्वासद्वारा अनुग्रहले प्राप्त गर्ने हो भन्ने शिक्षामा तिनीहरू जिकिर गरेका थिए। त्यही शिक्षाले एडभेन्टिस्ट अभियानको निम्ति बाटो खुलाएको थियो र यस अभियानको उदय भएको थियो। विलियम मिलर र संसारका अरू धेरै येशूभक्तहरूले एडभेन्टिस्ट अभियानको निम्ति नायक भूमिका खेलेका थिए।

सुधारवादी येशूभक्तहरूले नै बसालेको जगमा परमेश्वरले सेभेन्थ-डे एडभेन्टिस्ट चर्च उभ्याउनु भएको थियो। शताब्दीयौँदेखि हराइरहेका बाइबलका

कतिपय सत्यहरूलाई पुनर्स्थापित गर्ने जिम्मा यस चर्चले लिइरहेको छ। यस चर्चको लक्ष्यको केन्द्रविन्दु तीन स्वर्गदूतहरूका सन्देशहरू विश्वव्यापी रूपमा घोषणा गर्ने हो। यी सन्देशहरू प्रकाश १४:६-१२मा पाइन्छ। संसारको अन्त्य छिट्टै हुनेछ भन्ने परमेश्वरको अन्तिम खबरदारी यी सन्देशहरूमा पाइन्छ।

यस घोषणाले सैतानको क्रोध उठेको छ। येशूका चेला यूहन्नाले अजिङ्गर वा सैतानको क्रोधलाई यसरी चित्रण गरेका छन्: "त्यस स्त्रीसँग अजिङ्गर भयङ्कर क्रोधित भयो र उनका बाँकि सन्तानसँग युद्ध गर्न गयो। ती सन्तानहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र तिनीहरूमा येशू ख्रीष्टको गवाही हुन्छ।" प्रकाश १२:१७। (कतिपय नेपाली बाइबलको अनुवादमा यो पद केवल "अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो" भनेर मात्र लेखिएको छ। तर किङ्ग जेम्स र अरू अनुवादहरूमा "त्यस स्त्रीसँग अजिङ्गर...." भन्ने नै उल्लेख गरिएको छ-अनुवादक)। महान् विवादिय युद्धको अन्तिम चरणहरूमा हुने विभिन्न घट्नाहरूको बारेमा पनि यस पुस्तकमा अध्ययन गरिनेछ। ती घट्नाहरूमा परमेश्वरको प्रेमको हुने विजयको हर्षोल्लासाथ, नर्क वा सैतानका सबै शक्ति र अधिकारहरूको नाश भएर नयाँ स्वर्ग र नयाँ पृथ्वीको नयाँ सृष्टिको बारेमा पनि यस अध्ययनमा हेरिनेछ।

यस अध्ययन पुस्तकको विषयवस्तु मुख्यतः बाइबलमा नै आधारित भएतापनि, यस उल्लेखनीय र अथाह विषयस्तुको रुपरेखा एलेन जी. ह्वाइटद्वारा लिखित *द ग्रेट कन्त्रोभर्सी*लाई प्रयोग गरिनेछ। प्रत्येक अध्याय *ग्रेट कन्त्रोभर्सी पुस्तको आधारमा* लेखिएको हुनाले यस पुस्तकलाई महान् विवादको विषयवस्तुलाई अझ राम्रोसँग बुझ्न अध्ययन गरून् भन्ने पाठकहरूलाई यस लेखकले अनुरोध गर्दछ। "सबै सन्तहरूसँग चौडाइ, लमाइ, उचाइ र गहिराइ के रहेछ सो बुझ्ने शक्ति प्राप्त गर्न सक, र ज्ञानलाई माथ गर्ने ख्रीष्टको प्रेमलाई थाहा पाउन सक, ताकि परमेश्वरको सारा पूर्णताले तिमीहरू भरिपूर्ण होओ" एफिसी ३:१८-१९मा उल्लेखित प्रेरित पावलको चाहनालाई सबै पाठकहरूले हृदयमा राखून भन्ने यस लेखकको कामना छ।

*मार्क फिन्ले अमेरिकाको कनेक्टिकट राज्यको बासिन्दा हुनुहुन्छ। उहाँ अन्तराष्ट्रिय ख्याति प्राप्त सुसमाचार प्रचारक हुनुहुन्छ। उहाँ २००५-२०१०सम्म जनरल कन्फरेन्सको उपाध्यक्ष हुनुहुन्थ्यो। आफ्नो कार्यबाट अवकाश पाउनु भएपछि उहाँ जनरल कन्फरेन्सको अध्यक्षको सहायक हुनुभएको थियो। पास्टर मार्क फिन्ले उनकी श्रीमती अर्नेस्टिनका तीन छोराछोरीहरू छन् र पाँच जना नातनातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | महायुद्धको पछाडि सबै युद्धहरू | १ |
| २. | विवादको केन्द्रविन्दुः प्रेम वा स्वार्थ? | १६ |
| ३. | अन्धकारमा ज्योति चम्किन्छ | ३३ |
| ४. | सत्यमा साहसी भएर विरतापूर्वक उभिनु | ४८ |
| ५. | सबै बाधा, मतभेद, असुविधा र अनौठा तत्त्वहरूसँग ... | ६४ |
| ६. | दुई साक्षीहरूहरू | ८३ |
| ७. | आशाद्वारा अभिप्रेरित | ९६ |
| ८. | पवित्रस्थानबाट दिब्य ज्ञानको ज्योति | १११ |
| ९. | परमेश्वरको शासनप्रणालीको आधारशीला | १२५ |
| १०. | बाइबलको मान्यता विपरित भएको आध्यात्मिकवाद | १४२ |
| ११. | निकट वा आउनै लागेको द्वन्द्व वा मतभेद | १६१ |
| १२. | पृथ्वी समाप्त हुनुभन्दा अघि हुने घट्नाहरू | १७४ |
| १३. | परमेश्वरको प्रेमको विजय | १८७ |

# अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असार १४, २०८१ (June 28, 2024) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १७-२३(March 30-April 5) |
| २ | अध्याय २ | चैत्र २४-३०(April 6-12) |
| ३ | अध्याय ३ | बैशाख १-७(April 13-19) |
| ४ | अध्याय ४ | बैशाख ८-१४(April 20-26) |
| ५ | अध्याय ५ | बैशाख १५-२१(April 27- May 3) |
| ६ | अध्याय ६ | बैशाख २२-२८(May 4-10) |
| ७ | अध्याय ७ | बैशाख २९-जेठ ४(May 11-17) |
| ८ | अध्याय ८ | जेठ ५-११(May 18-24) |
| ९ | अध्याय ९ | जेठ १२-१८ (May 25- 31) |
| १० | अध्याय १० | जेठ १९-२५(June 1-7) |
| ११ | अध्याय ११ | जेठ २६-३२(June 8-14) |
| १२ | अध्याय १२ | असार १-७(June 15-21) |
| १३ | अध्याय १३ | असार ८-१४(June 22-28) |